जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २५३ पृष्ठः ४ | २०८२ माघ १६ शुक्रबार (Friday 30 Jan. 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## ७८ वर्षका उमेरमा नागरिकता पाएपछि कपलेश्वरीले भनिन्, 'अब ढुक्कले मर्छु'

सिरहा, १५ माघ। ७८ वर्षको उमेर, चाउरिएका गाला र थकित अनुहार। बुढेसकालमा नागरिकताको लागि कपलेश्वरी यादवको पछिल्लो आठ वर्ष वडा कार्यालय र जिल्ला प्रशासनको कार्यालय धाउँदै बित्यो। स्थानीयवासीहरु भन्दथे, 'अब यो उमेरमा के नागरिकता बनाउँछौ आमा ?' तर यादवलाई 'अनागरिक' भएर मर्ने इच्छा थिएन। बुधबार जब सिरहाको जिल्ला प्रशासन कार्यालयबाट उनले आफ्नो नागरिकताको प्रमाणपत्र प्राप्त गरिन्, उनका आँखा रसाए। हर्ष र बेदना एकैपटक छचल्कियो। यो केवल एउटा कागजको पाना थिएन, उनको आठ वर्षको संघर्ष र तिरस्कारपछिको विजय थियो।



औरही गाउँपालिका–३ पिपरामा जन्मिएकी यादवले २०२३ सालमा नवराजपुर–४ का बौवेलाल यादवको कान्छी श्रीमतीका रूपमा भित्रिएकी थिइन्। जेठी श्रीमतीका चार छोरी भए पनि कपलेश्वरीका आफ्नै सन्तान भएनन्। २०३१ सालमा श्रीमानको निधन भएपछि उनी सहाराविहीन भइन्। आफ्ना नातेदार र माइतीतर्फका दाजुभाइ सबैको वंशजको नागरिकता भए पनि कपलेश्वरी भने नागरिकताको मूल ढोकामै रोकिएकी थिइन्।

श्रीमानको मृत्युपछि उनले अदालतमा 'हक कायम' मुद्दा लडेर अंश जितिन्। अंश मुद्दा जितेर साढे ११ धुर जग्गा त पाइन्, तर त्यही जग्गाको लालपुर्जा र आफन्तका सबै प्रमाण हुँदाहुँदै पनि उनले नागरिकता पाउन सकिनन्।

माइतीले दिएको ६ कठ्ठा जग्गा पनि उनकै नाममा थियो, विडम्बना ! नागरिकता नहुँदा न उनले त्यो जग्गा बेचबिखन गर्न पाइन्, न आफूलाई बुढेसकालमा पाल्ने नातिको नाममा नामसारी गर्न नै सकिन्। उनको बाटोमा तगारो बनेका थिए, गाउँकै जनप्रतिनिधि। वडा कार्यालयले सिफारिस दिन पटक–पटक इन्कार गरिरहयो। उनीमाथि 'स्थानीय बासिन्दा नै नभएको' झुटो मुद्दासमेत हालियो। 'आफ्नै गाउँमा पराई जस्तो हुनुपर्दाको पीडा सुनाउने ठाउँ कतै थिएन,' ती दिन सम्झँदै उनका नाति रामपरीक्षण यादव भन्छन्।

कपलेश्वरीका आफूपट्टिका न त सन्तान छन्, न सहारा दिने श्रीमान्।

–बाकी तीन पेजमा

## गगन थापाले शुक्रबार मधेस प्रदेश कार्यसमितिको बैठकमा सम्बोधन गर्ने



काठमाडौं, १५ माघ। नेपाली कांग्रेसका सभापति गगन थापाले शुक्रबार बस्ने पार्टी मधेस प्रदेश कार्यसमितिको बैठकमा सहभागिता जनाएर सम्बोधन गर्ने भएका छन्। जनकपुरधामस्थित पार्टीको प्रदेश कार्यालयमा आयोजना हुने बैठकमा फागुन ७ गते जनकपुरमा गर्ने मधेस सभाको तयारी, व्यवस्थापन तथा समन्वय सम्बन्धी विषयमा छलफल हुनेछ। मधेस प्रदेशभर पार्टीको प्रचार–प्रसारलाई प्रभावकारी र व्यवस्थित बनाउन सभापति थापाले निर्देशन मन्तव्य दिने तय भएको कांग्रेस मधेस प्रदेश प्रचार विभाग प्रमुख नितिशकुमार गुप्ताले जानकारी दिए।

बैठकमा मधेस प्रदेश अन्तर्गतका ३२ वटै निर्वाचन क्षेत्रका प्रतिनिधि सभा सदस्य उम्मेदवारहरूलाई पनि बोलाइएको छ। कांग्रेस सभापति थापा फागुन २१ गते हुने निर्वाचनमा सर्लाही ४ बाट उम्मेदवार बनेका छन्। उनी आफ्नो निर्वाचन क्षेत्रमा प्रचार प्रसारका लागि सर्लाहीमा छन्। कांग्रेसले फागुन ७ गते जनकपुरमा सभा गरेर औपचारिक रूपमा प्रचार प्रसारको सुरुवात गर्ने बताएको छ। त्यसको तयारीका लागि बैठक राखिएको हो।

## कमला नदीमा अस्थायी 'डाइभर्सन'

सिरहा, १५ माघ। हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा सिमानामा पर्ने कमला नदीमा अस्थायी 'डाइभर्सन' निर्माण भएसँगै सवारी आवत–जावत सहज भएको छ। वर्षौंदेखि भासिएको पुलको विकल्पमा 'ह्युमपाइप' राखेर डाइभर्सन बनाइएपछि साना–ठूला सबै प्रकारका सवारीसाधन सञ्चालनमा सहज भएको छ। हप्तादिन अघिदेखि नै सार्वजनिक सवारी चल्न थालेको जानकारी दिँदै सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादवले भने, "हाल सबै प्रकारका सवारीसाधनहरूको सहज आवत–जावत सुरु भइसकेको छ। यसले स्थानीय बासिन्दा र छोटो रुटबाट मधेस प्रदेशको राजधानी जनकपुर जाने यात्रुलाई ठूलो राहत मिलेको छ।"



गत मङ्सिर ५ गते निवर्तमान भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले पुलको स्थलगत अनुगमन गर्दै पुनर्निर्माणको काम तत्काल अघि बढाउन निर्देशन दिएका थियो। त्यस क्रममा उनले काम सन्तोषजनक नभए ठेक्का तोड्ने चेतावनी दिँदै तत्काल अस्थायी रूपमा आवत–जावतको व्यवस्था मिलाउनसमेत निर्देशन दिएका थिए। घिसिङको निर्देशनलगत्तै निर्माण कम्पनीले ह्युमपाइप राखेर डाइभर्सन तयार पारेको हो। यसअघि स्थानीय युवाले निर्माण गरेको बाँसको पुलबाट शुल्क तिरेर जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो। बर्खायाममा बाँसको पुल बाढीले बगाउँदा स्थानीयले डुङ्गाको सहारामा ज्यान जोखिममा राखेर नदी वारपार गर्दै आएका थिए।

**चौध वर्षपछि पुल निर्माण अन्तिम चरणमा**

विगत १४ वर्षदेखि अलपत्र अवस्थामा रहेको यहाँको पुल

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**मतदान गर्ने अधिकारको प्रयोग गरौं।**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## ग्रेलिस्टबाट समय अगावै बाहिरिने प्रतिबद्धता !

अर्थमन्त्री रामेश्वर खनालको सार्वजनिक अभिव्यक्तिहरूमा नेपाललाई फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को 'ग्रे लिस्ट'बाट बाहिर निकाल्नुपर्ने विषय सम्भवतः सबैभन्दा बढी दोहोरिने गरेको छ। तर वर्तमान सरकारका अर्थमन्त्रीले मुलुकलाई ग्रेलिस्टबाट बाहिर निकाल्ने योजना सुनाउनु भने 'नजाने गाउँको बाटो सोधे'जस्तै भयो। मन्त्री खनालले राजधानीमा भएको एउटा कार्यक्रममा तोकिएको समयभन्दा अघि नै आवश्यक सबै सुधारका काम सकेर आगामी वर्षभित्रै नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्नुपर्नेमा जोड पनि दिए। उनका अनुसार अन्तर्राष्ट्रिय समुदायको दबाबबाट नभई नेपालले आफैँ नै सुधारको प्रक्रिया अगाडि बढाएको दाबी पनि गरेका छन्।

कालोधनको शुद्धीकरण र आतङ्कवादलाई आर्थिक सहयोग पुग्ने क्रियाकलापमा संलग्नता वा सहयोग वा कारबाही कमजोर भएको सन्देहमा कुनै मुलुकलाई निगरानी सूचीमा राख्नु ग्रेलिस्टमा पर्नु हो। विगतका सरकारहरूको कुनै निश्चित नीति वा कानुनले वा शासको अनुहार मन नपरेर होइन आर्थिक अपराधमा नियमन कमजोर वा सन्देहास्पद भएकै कारण मुलुक ग्रेलिस्टमा परेको हो। विशेषगरी सत्तामा पहुँच हुनेले गरेको आर्थिक अपराधमा कारबाही नहुँदा अन्तर्राष्ट्रिय समुदायले नेपाललाई निगरानी सूचीमा राखेको हो। विगतमा नेपाल राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरणको सन्देहमा रोकेको रकमसमेत शासकहरूकै संलग्नतामा उन्मुक्ति दिइएको थियो। यस्तै, कतिपय घटना र व्यवहारको समष्टि परिणामकै कारण देश निगरानी सूचीमा परेको न हो।

नेपाल ग्रेलिस्टमा पर्नुको यस्तै कारणहरू राम्ररी केलाएर तिनलाई नसच्याई बाहिर निस्कन पक्कै सकिँदैन। तर मुलुक ग्रेलिस्टमा परिसकेका अवस्थामा आन्दोलनबाट आएको सरकारले पनि कुनै सुधार भने गर्न सकेन। केही आर्थिक अनुशासन देखिए पनि वित्तीय नियमनका क्षेत्रमा अपेक्षित सुधार भएको छैन। यस्तैमा हालै महान्यायाधिवक्ताले सरकारसँग निकट मानिएको एउटा दलका नेतामाथि चलेको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा फिर्ता लिने निर्णय गरी प्रक्रिया अगाडि बढाइन्। मुद्दा फिर्ता लिने उनको निर्णयविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले थप प्रमाण प्रस्तुत गर्न महान्यायाधिवक्तालाई आदेश दिएको छ।

मुद्दा त विचाराधीन छ तर महान्यायाधिवक्ताको यस निर्णयले पुनः मुलुकमा वित्तीय अपराधप्रति गम्भीरताको अभाव भएको सन्देश दिएको छ। सरकारको यस्तो क्रियाकलाप मुलुकलाई ग्रेलिस्टबाट बाहिर निकाल्न पक्कै सहयोगी हुनसक्तैन। कागजी प्रयास र मौखिक प्रतिबद्धताबाट मुलुक एफटीटीएफको ग्रेलिस्टबाट बाहिर आउँदैन। हुनत, अर्थमन्त्री खनालको नियतमा शंका गर्नुपर्ने कारण अहिलेसम्म देखिएको छैन। तर वर्तमान उनी समावे सरकारको रवैया हेर्दा भने मुलुक ग्रेलिस्टुबाट बाहिर निस्कने लक्षण पनि देखिँदैन। सरकारको निर्णयप्रति मन्त्रिपरिषद्को सामूहिक जिम्मेवारी हुन्छ। यसैले कुनै मन्त्रीले सरकारको गलत निर्णयमा मेरो संलग्नता छैन भन्नु नैतिक दृष्टिले सही हुँदैन।

विचाराधीन मुद्दामा निर्णय गर्न अदालतलाई नै छाडेको भए सरकार सन्देहमा पर्ने थिएन। कम्तीमा सरकारले सम्पत्ति शुद्धीकरणजस्तो गम्भीर विषयको मुद्दा फिर्ता लिने निर्णय नगरेको भए देश थप वित्तीय निगरानीतर्फ धकेलिने त थिएन। यसैले बाँकी समय ग्रेलिस्टबाट बाहिरिन प्रस्तावित सुधारलाई गति दिने र कसैलाई उन्मुक्ति दिन अग्रसर नहुने गरेर मुलुकलाई सरकारले गुन लगाओस्।


## NMC लाईसेन्स प्रमाणपत्र हराएको सूचना

यही मिति २०८२।१०।०६ गतेका दिन सिरहाबाट घर जाने क्रममा डा.राम कृपाल शर्मा नाम गरेको NMC (Nepal Medical Council) लाईसेन्स प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : डा. राम कृपाल शर्मा**
**ठेगाना : बरियारपट्टी गा.पा.–४, सिरहा**
NMC **लाईसेन्स नं. १९९५८**
**मोबाईल नं. : ९८४९४१४०५५**


# धनगढीमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**धनगढी, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## पोखरी ठेक्का बन्दोवस्त सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८२/१०/१५**

यस नगरपालिका क्षेत्राधिकारभित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जो जे अवस्थामा छन सोही अवस्थामा नै आ.व. २०८२/०८३ देखी २०८४/८५ असार मसान्त सम्मको लागि माछा उत्पादन गर्ने प्रयोजनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही निम्न अनुसार रहेको पोखरीहरुको शिलबन्दी दरभाउपत्र पेश गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ तथा रकम र सरकारी ठेका बन्दोबस्त ऐन २०२० तथा यस नगरपालिकाको आर्थीक ऐन २०८२ को दफा ४ को उपदफा ३ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तनामा**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व उप–शाखाबाट रु.१०००।–को (पछि फिर्ता नहुने गरी) रसिव तिरेर दरभाउ पत्र खरिद गर्न सकिनेछ।
२. खरिद गरिएको दरभाउ पत्र आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ सोही दिन दिनको १२ बजेसम्म दरभाउ पत्र पेश गर्नेको नाम, ठेगाना र सम्पर्क नं. तथा आफूले ठेक्का लिन चाहेको पोखरीको विवरण खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराउदा शिलवन्दी निवेदन सँग आफूले कबोल गरेको रकमको ५ प्रतिशतले हुने रकम यस धनगढीमाई नगरपालिकाको धरौटी खाता नं.२६४०२४७७०२८०००१२ कुमारी बैंकः धनगढी शाखा, सिरहामा जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
३. दर्ता भएका दरभाउ पत्रहरु शर्त नं. २ मा उल्लेखित भएको दिनको २ बजे सम्बन्धित कार्यालय तथा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ तर निजको प्रतिनिधि उपस्थिति नभए पनि खोल्न वाधा पर्ने छैन।
४. दरभाउ पत्र खरिद गर्ने, दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु सार्वजनिक विदाको भोलि पल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।
५. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन कुनै कारण वश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।
६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टाँस गरी जानकारी गराइने छ। साथै सूचना सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
७. टेका स्वीकृत भए पक्षात रकम बुझाउदा सम्बन्धित व्यक्तिले २ किस्तामा रकम बुझाउन सकिनेछ। किस्ता रकम बुझाउदा प्रथम किस्ता कयोल अंकको ५० प्रतिशत चलनपूर्जी लिनु अगावै र दोस्रो किस्ता आ.ब.२०८३/८४ को प्रथम चौमासिक भिवै बुझाउनुपर्ने छ। उक्त समय भित्र नबुझाए ठेक्का बदर गरी पोखरीमा रहेको माछा धरौटी जफत गरी कार्यालयले पुन अर्को ठेक्का बन्दोवस्त गर्ने छ। साथै दोस्रो किस्ता बापत हुने रकम बराबरको कम्तिमा ३७ महिना अवधि भएको बैंक ग्यारेन्टी बुझाउनु पर्ने।
८. रित नपुगेको तथा म्याद नाधी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन।
९. दररेट भर्दा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट भर्न पर्नेछ।
१०. पोखरीको संरचना आफूखुसी बिगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तिबाट नगर पालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ।
११. जन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।
१२. उपरोक्त लेखिए बाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

**पोखरीको विवरण**

| क्र.स. | ठेक्का नं. | पोखरीको नाम | ठेगाना | न्यूनतम ठेक्का रकम | पोखरीको पानीको क्षेत्रफल | कै. |
|---|---|---|---|---|---|---|
| १ | DH-MUN-03-082-083 | संयुक्त पोखरी बाखर | धनगढीमाई न.पा.–१ | ३,८५,५००।– | १ बिघा १५ कट्ठा | |
| २ | DH-MUN-05-082-083 | मेदनीपुर पोखरी | धनगढीमाई न.पा.–१ | ६६,०००।– | ६ कट्ठा | |
| ३ | DH-MUN-07-082-083 | करचीबारी पोखरी | धनगढीमाई न.पा.–१ | ७७,०००।– | ७ कट्ठा | |
| ४ | DH-MUN-08-082-083 | गडही पोखरी भवानीपुर | धनगढीमाई न.पा.–२ | ८८,०००।– | ८ कट्ठा | |
| ५ | DH-MUN-14-082-083 | देवी टोकी पोखरी | धनगढीमाई न.पा.–७ | २,२०,०००।– | १ बिघा | |
| ६ | DH-MUN-15-082-083 | गर्जेबाँध सानो पोखरी | धनगढीमाई न.पा.–८ | २,८०,०००।– | १ बिघा १५ कट्ठा | |
| ७ | DH-MUN-16-082-083 | जोगीयावाला टेलको पोखरी | धनगढीमाई न.पा.–८ | ४८,०००।– | ६ कट्ठा | |
| ८ | DH-MUN-17-082-083 | चैनपुर पोखरी | धनगढीमाई न.पा.–९ | २४,०००।– | ३ कट्ठा | |

**प्रमुख प्रशासकीय अधिकृत**

## कमला नदीमा...

निर्माणकार्य अन्तिम चरणमा पुगेको छ। आगामी असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ हाल दैनिक ४० देखि ५० जना कामदार 'फिनिसिङ' र मर्मतको काममा खटिएका निर्माण कम्पनीले जनाएको छ। पप्पु लुम्बिनी जेभीले ठेक्का पाए पनि पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि हाल लुम्बिनी बिल्डर्सले यहाँ काम गरिरहेको छ। निर्माण कम्पनीका साइट इन्चार्ज सुदीप थापाले भने, "हामी बाँकी संरचनात्मक कामहरू द्रुत गतिमा गरिरहेका छौँ, असार मसान्तभित्र पुलबाटै सवारीसाधन सञ्चालन हुने गरी काम सम्पन्न गर्ने हाम्रो लक्ष्य छ।"

विसं २०६८ मा तीन वर्षभित्र सम्पन्न गर्ने भन्दै सुरु गरिएको पुल २०७८ साल असारमा आएको बाढीले दुईवटा पिलर भासिएर चारवटा स्ल्याबमा क्षति पुर्‍याएपछि समस्या भएको हो। पुल निर्माणमा ढिलाइ हुँदा सिरहा र धनुषाका स्थानीयवासी जोखिमपूर्ण अस्थायी बाटो प्रयोग गर्न बाध्य छन्। स्थानीय युवा सन्तोष यादवका अनुसार तत्कालीन मन्त्री घिसिङको पहलपछि पुल निर्माणले गति लिएको हो। उनले भने, "लामो समयसम्म काम हुन सकेन, तर नागरिक सरकारको पहलपछि काम सम्पन्न हुने चरणमा पुगेको छ। डाइभर्सनले तत्काललाई सजिलो बनाए पनि अब तोकिएको समयमै पुल निर्माण सम्पन्न हुनुपर्छ। त्यसमा सबै गम्भीर बन्नुपर्छ।" हुलाकी राजमार्गको मेरुदण्ड मानिने यो पुल सम्पन्न भएपछि सिरहा र धनुषाका हजारौँ नागरिकको कष्टकर यात्रा अन्त्य हुनेछ।

नेपाल सरकार
भूमि व्यवस्था, सरकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय, लहान (सिरहा)

### हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जिल्ला सिरहा साविक गा.वि.स. सितापुर प्र.ध.वडा नं. १ हाल गा.वि.स. मौवाही वडा नं. १ हाल सखुवानन्कारकट्टी गा.पा. वडा नं. १ बस्ने देव रुप यादवको नाती नेनी लालयादवको छोरा मौजे यादवको नाममा तपसिलको जग्गाको सर्वे नाप नक्सा भई फिल्डबुक तयार भएको र जग्गा दर्ता गर्न सम्म छुट भएकोले निज मौजे यादवको २०५६।९।२८ गते र निजको पत्नी श्रवती यादवनी पनि २०६७।३।१९ गतेमा स्वर्गवास भई सकेको हुँदा निजहरुको शेषपछिको हक अंश खाने दुई छोराहरु जेठा श नारायण यादव....१, र कान्छो छोरा राम नारायण यादवले छुट जग्गा दर्ता नामसारी गरी दिने भनि सखुवानन्कारकट्टी गा.पा. १ वडा कार्यालयको च.नं. ६३३ मिति २०८२।०९।२८ गतेको सिफारिश समेत मिसिलमा संलग्न गरी शभ नारायण यादव समेतले यस कार्यालयमा छुट मि.नं. २१ दर्ता मिति २०८२।०९।२९ मा निवेदन दर्ता गराएको हुँदाउक्त जग्गा सम्बन्धमा यी निवेदक बाहेक अरु कोही हकदार , हक भोग , कुनै व्यक्ति विशेषलाई फरक भए वा यी निवेदकको माग बमोजिम उक्त छुट जग्गा दर्ता गरि यी निवेदकको नाममा ज.ध.दर्ता दिंदा कोही कसैको हक मेटिने भए वा कोही कसैको जोत भाग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी सार्वजनिक ऐलानी पर्ति वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोमा म्याद बाहेक ३५ दिनभित्र स–प्रमाण यस कार्यालयमा हक दावी वा उजुर वाजुर गर्नु आउनु हुने यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हक दावी नगरेमा निवेदकको माग बमोजिम जग्गा दर्ता भई जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपसिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गावालाको महल |
|---|---|---|---|---|---|
| सिरहा | मौवाही | १क | १८५ | ०–४–० | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | १क | ६० | ०–१–१० | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | १क | २५३ | ०–१०–० | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | १क | ३१३ | ०–१३–१५ | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | २ख | १० | ०–१–१५ | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | २ख | ९३ | ०–१४–० | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | २ग | १४ | ०–४–० | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | २क | २०३ | ०–०–८ | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | २क | २४९ | ०–१–१० | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | २क | ३४५ | ०–१–५ | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | २ख | १० | ०–२–९ | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | २ख | ९४ | ०–७–२ | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो । मौज जग्गा धनीमा झगडा लेखिएको। |
| सिरहा | मौवाही | १क | ८८ | ०–०–१५ | यो जग्गा मौवाही वडा नं. १ बस्ने मौजे यादवको जिरायत हो। |

# काठमाडौं–४ : गगन सर्लाही झरेपछि उत्साहित उम्मेदवार

**३ पटक लगातार चुनाव जितेका कांग्रेस सभापति गगन थापा यस पटक काठमाडौं–४ छोडेर सर्लाही गएपछि यो क्षेत्रका उम्मेदवार आ–आफ्नो जित सुनिश्चित भएको दाबी गरिरहेका छन्।**

**दिनेश गौतम**

काठमाडौं, १५ माघ। काठमाडौं–४ मा तीन पटक जितेका कांग्रेस सभापति गगनकुमार थापा यस पटक सर्लाही–४ गए। उनी २०७० सालको संविधानसभा, २०७४ र २०७९ को प्रतिनिधिसभा चुनावमा काठमाडौं–४ मा निर्वाचित भएका थिए। तर, यस पटक ३३ वर्षीय सचिन तिमल्सेनालाई टिकट दिएर थापा मधेश झरे। गगनले छाडेको निर्वाचन क्षेत्र काठमाडौं–४ यतिबेला चर्चामा छ। यो क्षेत्रमा २०७० को संविधानसभा चुनावमा एमालेका निर्मल कुइँकेल र एकीकृत माओवादीका नन्दकिशोर पुनलाई पराजित गरी गगन विजयी भएका थिए।

२०७४ र २०७९ मा गगनले नेकपा एमालेका राजन भट्टराईलाई पराजित गरेका थिए। २०७४ मा गगनले २१ हजार ५५८ मत ल्याउँदा एमालेका भट्टराईले १८ हजार १४० मत ल्याएका थिए। २०७९ मा गगनले २१ हजार ३०२ मत पाउँदा भट्टराईले १३ हजार ८५५ मत पाए। विशेष महाधिवेशनबाट पार्टी सभापति चुनिएसँगै थापाले चुनाव क्षेत्र पनि फेरेका हुन्। गत ६ माघमा उम्मेदवारी मनोनयनको दिन अबेरसम्म कांग्रेसबाट उम्मेदवारी कसको आउला भन्ने चासो थियो। उता, एमालेका उम्मेदवार राजन भट्टराईले पनि मनोनयन 'होल्ड' गरेर बसेका थिए।

गगनले उम्मेदवारी दिएमा भट्टराईले उम्मेदवारी नदिने हुन् भन्ने चर्चा पनि चलेका थिए। अन्ततः गगनले युवा नेता तिमल्सेनालाई अगाडि सारेपछि एमालेबाट भट्टराईले नै उम्मेदवारी दर्ता गराए। भट्टराई एमालेको गत महाधिवेशनबाट पार्टीको सचिव निर्वाचित भएका व्यक्ति हुन्। यो बीचमा उनले बाग्मति प्रदेशको इन्जार्जको रुपमा भूगोलको काम पनि गरे। अहिले उनी विगतको आफ्नो चुनावी इतिहास बदल्ने योजनामा छन्। यो क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट पुकार बम, नेपाली कम्युनिस्ट पार्टीका पार्टीका इन्द्रकुमार भुसाल पनि प्रतिस्पर्धामा छन्। रास्वपाका उम्मेदवार बम अघिल्लो चुनावमा काठमाडौं–१ बाट उठेका थिए। त्यसभन्दा अघि उनी काठमाडौं ८ बाट चुनाव उठेका थिए। क्षेत्र फेर्दै चुनाव लड्दै आएका बम अहिले काठमाडौं–४ मा आएका हुन्।

**२८ उम्मेदवारबीच प्रतिस्पर्धा**

काठमाडौं–४ मा २८ उम्मेदवार प्रतिस्पर्धामा छन्। तर गगन थापाले छोडेपछि आफूलाई सहज ठानेका छन्– एमाले, रास्वपा र नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवारले। एमालेका भट्टराई दुई पटक गगनसँगै पराजित भएका उम्मेदवार हुन्। यसपटक उनी यही क्षेत्रबाट जित हात पार्ने दाउमा छन्। राष्ट्रिय राजनीतिमा सक्रिय भट्टराई परराष्ट्र मामिलाका जानकार हुन्। 'विवेक बोल्छ, हल्ला चुप लाग्छ। काठमाडौं–४ का जनता निर्णय गर्न सक्षम छन्,' भट्टराई भन्छन्, 'सपना देख्ने मात्र होइन पूरा गर्ने हो।' भट्टराईले युवा रोजगारी, देशको समृद्धि र बलियो राष्ट्रियतालाई चुनावी एजेन्डा बनाएर मत मागिरहेका छन्।

कांग्रेस उम्मेदवार तिमल्सेना गगनको विरासत कायम राख्ने दौडमा छन्। आफ्नै समुदाय, समाज र परिवेशको विकास गर्ने चाहनाले उम्मेदवारी दिएको उनको तर्क छ। 'आफ्नै क्षेत्रका समस्या बुझेको छु, आफ्नै ठाउँ भएकाले रात–दिन काम गर्नेछु,' उनले भनेका छन्। रास्वपा उम्मेदवार बम 'वाक विथ पुकार बम' अभियान चलाएर क्षेत्र नम्बर ४ का जनताको घरदैलोमा पुगिरहेका छन्। 'सफा सोच, पारदर्शी काम र जवाफदेही नेतृत्वसहित काठमाडौं–४ लाई उदाहरणीय क्षेत्र बनाउने लक्ष्यमा म एक्लो छैन। स्थानीय आमाबुबा दाजुभाइ दिदीबहिनीका कुराहरू सुन्दै, मुद्दा र समस्याहरू बुझ्दै पदयात्रा गरिरहेका छौं,' बमले भनेका छन्।

सामाजिक, राजनीतिक अभियानका प्रमुख मुद्दामा महिला अधिकारको रक्षा, महिला सहभागिताको सुनिश्चिततालाई बमले जोड दिएका छन्। नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार इन्द्रकुमार भुसाल पनि आफ्नो एजेन्डासहित मत मागिरहेका छन्। मतदाताको भरोसालाई उनले आफ्नो शक्ति मानेका छन्। 'व्यवस्था बदल्यौं अब अवस्था बदल्ने हो,' उनले भनेका छन्। यो क्षेत्रमा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट सुरेन्द्रराज भण्डारी, राष्ट्रिय जनमोर्चाका छविबहादुर खनाल, नेपाल मजदुर किसान पार्टीका आशालाल श्रेष्ठ, राष्ट्रिय जनमुक्ति पार्टीका चेतबहादुर आले पनि प्रतिस्पर्धामा छन्।

मंगोल नेसनल अर्गनाइजेसनका सीता तामाङ, मितेरी पार्टी नेपाल प्रेमकुमार राई, नेपालका लागि नेपाली पार्टीका श्यामकुमार भट्टराई, प्रगतिशील लोकतान्त्रिक पार्टीका दत्त बुढा, युनाइटेड नेपाल डिमोक्र्याटिक पार्टीका मुस्कान पौडेल, जय मातृभूमि पार्टीका राजन पुरी, श्रम संस्कृति पार्टीका बरुण अमात्य, नेपाल कम्युनिस्ट पार्टी ( माओवादी) का करिष्मा खरेल, उज्यालो नेपाल पार्टीका झनकबहादुर अधिकारी, जनादेश पार्टी नेपालका केम्श सिंहले पनि यो क्षेत्रमा उम्मेदवारी दिएका छन्।

अन्य ९ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन्। मदनदेव आचार्य, पुजन गजुरेल, अर्चन शमशेर राणा, विनोदबाबु प्रधान, दीपेन्द्रकुमार काफ्ले, केदारबहादुर कार्की, मनोज अधिकारी, आशिष श्रेष्ठ, सञ्जीव दर्जी र देवराज पौडेलले स्वतन्त्र उम्मेदवारी दिएका छन्। काठमाडौं–४ का २८ उम्मेदवारलाई मतदान गर्ने मतदाताको संख्या ७६ हजार १४१ छ। उनीहरूले २१ फागुनमा अन्तिम निर्णय दिने छन्। यो क्षेत्रमा ३३ मतदानस्थल र ८८ मतदान केन्द्र तोकिएको छ।

*७८ वर्षका उमेरमा ...*

बुढेसकालले छोप्दै ल्याएपछि उनलाई एउटै चिन्ता थियो, अब बाँकी जीवन कसरी काट्ने ? सरकारले दिने सामाजिक सुरक्षा भत्ता (वृद्ध भत्ता) पाउन पनि नागरिकता अनिवार्य थियो, तर वडाको दैलोबाट रित्तो हात फर्किंदा उनी धेरै पटक रोएकी थिइन्। सञ्चारमाध्यममा नागरिकता प्राप्तिको लागि उनले गरेको संघर्ष आएपछि र गाउँपालिका अध्यक्ष शिवउद्गार यादवले विशेष पहल गरे। र आठ वर्षपछि मात्र उनको प्रशासनिक उल्झन सुल्झियो। अदालतको ढोका र प्रशासनको चक्कर सकिएपछि बल्ल उनले नागरिक हुनुको गौरव महसुस गरेकी छन्।

हजुरआमाको हकका लागि वडादेखि अदालतसम्म धाउने नाति रामपरिक्षण यादव अहिले निकै खुसी छन्। प्रफुल्ल हुँदै उनले भने, 'हजुरआमाले यो उमेरमा आएर न्याय पाउनुभयो, यसैमा म धेरै खुसी छु। अब उनले राज्यको नागरिक हुनुको गौरव महसुस गर्न पाउनेछिन्। 'यो हाम्रो परिवारका लागि ठुलो जित हो,' नागरिकता सुम्सुम्याउँदै कपलेश्वरीले भावुक भएर भनिन्, 'छोराछोरी छैनन्, सहारा दिने कोही थिएन। अब सरकारले दिने भत्ताले थोरै भए पनि ओखतीमुलो र खाने खर्च पुग्छ। कम्तीमा अब आफ्नै देशको नागरिक भएर ढुक्कले मर्न पाउने भएँ।"

७८ वर्षको उमेरमा पाएको यो नागरिकताले कपलेश्वरीलाई केवल आर्थिक राहत होइन, एउटा परिचय र सम्मान पनि दिएको छ। हजुरआमाले आठ वर्ष भोग्नुपरेको सास्ती सम्झँदै नाति रामपरिक्षण राज्यसंयन्त्रलाई प्रश्न गर्छन्, 'हजुरआमाजस्ता धेरै वृद्धवृद्धा अझै पनि प्रशासनिक झमेलामा अल्झिरहेका छन्, सबै प्रमाण र अदालती फैसला हुँदाहुँदै पनि एउटा नागरिकले आफ्नो परिचय पाउन किन आठ वर्ष कुर्नुपर्छ ?'

# मधेस प्रदेशमा माघ १८ गते सार्वजनिक बिदा

जनकपुर, १५ माघ। मधेस प्रदेश सरकारले यही माघ १८ गते प्रदेशमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ। प्रदेश सरकार गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रवक्ता राधेशंकरप्रसाद पालले बिहीबार जारी गरेको सूचनामा मन्त्रिपरिषद्को गत मंसिर १६ गतेको निर्णयानुसार माघ १८ गते सार्वजनिक बिदा दिइएको हो। सूचनामा मधेश प्रदेशलगायत देशभरिका दलित तथा सीमान्तकृत समुदायले विशेष श्रद्धा र भक्तिका साथ मनाउने रविदास जयन्ती (माघ पूर्णिमा) का अवसरमा प्रदेशभित्र बसोबास गर्ने उक्त समुदायको सम्मानस्वरुप उक्त दिन सार्वजनिक बिदा दिने निर्णय भएको उल्लेख छ।

# सिरहा ४ : उम्मेदवार मत माग्छन्, मतदाता पानी

## गाउँ–घर, बाटो–घाटोमा भेटिएका सर्वसाधारणका लागि चुनावी नारा र आश्वासनभन्दा ठूलो अर्को सरोकार छ, खानेपानीको चरम संकट।

**सुरेश राय**

सिरहा, १५ माघ। आउँदो २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत सिरहा निर्वाचन क्षेत्र नम्बर ४ का उम्मेदवारहरू घरघर पुगिरहेका छन्। घरदैलो, सामूहिक छलफल र भेटघाटबाट उनीहरू मतदाताको विश्वास जित्ने प्रयासमा छन्। आफ्ना चुनावी नारा सुनाइरहेका छन्। तर, गाउँ–घर, बाटो–घाटोमा भेटिएका सर्वसाधारणका लागि चुनावी नारा र आश्वासनभन्दा ठूलो अर्को विषय छ, खानेपानी समस्या। सिरहा अन्तर्गत पर्ने पूर्व–पश्चिम राजमार्ग आसपासका बस्तीदेखि भित्री गाउँसम्म पुग्दा मतदाताको मनोविज्ञान पहिलेभन्दा फरक देखिएको छ।



धारामा पानी आउँदैन। खोल्सा–कुवा मात्र होइन, ट्युबेलसमेत सुक्दै गएका छन्। खानेपानीको चर्को समस्या भोगिरहेका स्थानीयलाई उम्मेदवारका अरु चुनावी नाराले छोएकै छैन। सबैको सरोकार दिनहुँ बढिरहेको खानेपानीको संकटबाट कसरी मुक्त हुने भन्नेमै देखिन्छ। स्थानीय सुरेन्द्रप्रसाद महतो भन्छन्, 'धेरै चुनाव आए, धेरै नेताले आश्वासन पनि दिए। तर, काम गरेनन्। किसानले सिँचाइ, बीउ, मल र उत्पादनको मूल्यका लागि सडकमा उत्रनु पर्ने समस्या त छँदैथियो, पछिल्ला वर्ष पानीको रचम अभाव भोग्नु परिरहेको छ।' यो समस्याले सिंगै समाज पिरोलिएको छ। किसानलाई खेतीमा समस्या भएको छ। गाइबस्तु पाल्न धौधौ भएको छ। सबैभन्दा धेरै त गृहिणीका दुःख बढेको छ।

'आफ्नो घरमा पानी छैन। छिमेकीको अवस्था पनि उस्तै छ। माग्न गए गाली खाइन्छ,' स्थानीय महिला दुलारी दास आफ्नो दुःख सुनाउँदै भन्छिन्, 'मलाई राजनीति बुझ्नुपरेको छैन, एउटा बोरिङ भए पुग्थ्यो।' गाउँलेले भोग्दै आएका समस्याबारे जनप्रतिनिधि जानकार नभएका होइनन्। तर, उनीहरूले पनि केही गरेनन् भन्ने गुनासो स्थानीयको छ। स्थानीय बलबहादुर कार्की भन्छन्, 'हाम्रा समस्याबारे जानकार भए पनि जनप्रतिनिधिले केही गरेनन् किनभने विकास गर्ने नेता नै हामीले पाएनौं।' खानेपानीको अभाव यहाँका जनताले दिनहुँ भोगिरहेको समस्या हो। आउँदो चुनावमा आउने नयाँ पुराना सबैले पहिलेजस्तै बाचा गर्ने र निर्वाचित भएर गएपछि काम नगर्ने पुरानै रोग दोहोरिने चिन्ता यहाँका मतदातामा छ।

'पटकपटक निर्वाचित भएका जनप्रतिनिधिले हाम्रा दुःख बुझेनन्। अहिले नयाँ नयाँ पार्टीका उम्मेदवारहरू आइरहेका छन्,' राजिन्द्र दास भन्छन्, 'पुरानालाई विश्वास गरौं भने अहिलेसम्म नगरेकाले फेरि गर्लान् जस्तो लाग्दैन। नयाँलाई गरौं भने यिनका पनि कुरा मात्रै हो कि, अहिले पुराना भनिएका पनि कुनै दिन त नयाँ नै थिए। त्यसैले कसलाई विश्वास गर्नु ?' रिपोर्टिङकै क्रममा भेटिएका शंकरलाल तामाङका लागि पनि खानेपानीको समस्या टारिदिने जनप्रतिनिधि पाए हुन्थ्यो भन्ने लागेको छ। 'पानीबिना यहाँका जनता तड्पिरहेका छन्। हाम्रो कुरा कसैले सुन्दैन। हामीलाई पानी चाहिएको छ। भ्रष्टाचारमुक्त देश चाहिएको छ। कुराले होइन कामले देश बनाउने नेता चाहिएको छ,' उनी भन्छन्।

सिरहा–४ मा पाँच पूर्वमन्त्रीसहित दल र स्वगतन्त्र गरी ३६ उम्मेदवार चुनावी मैदानमा छन्। यी उम्मेदवार गाउँगाउँ पुगिरहेका छन्। पुरानाहरू आफ्ना कमजोरी सच्याएर आउने र आफ्ना बाचा पूरा गर्ने विश्वास दिलाउन व्यस्त देखिन्छन्। नयाँहरू पुरानाले गरेनन्, त्यसैले हामीलाई मौका दिनुस् भनिरहेका छन्। अनेक बाचा गरेर भोट हत्याउन उम्मेदवार तल्लिन छन्। तर, मतदाता अडिएका छन्। हेरिरहेका छन्। पर्गेलीरहेका छन् किनभने २१ फागुन अझै टाढा छ। बरु, पानीको काकाकुल जीवन दैनिकी बनेको छ। जसरी पनि यो कष्टबाट पार पाउने मनसायमा रहेका मतदाता पानीको व्यवस्था गरिदिनसक्ने उम्मेदवार जाँचीरहेका छन्।

# चन्द्र नहर पुनर्निर्माणपछि सरकारलाई हस्तान्तरण

सप्तरी, १५ माघ। नेपालकै पहिलो चन्द्रनहरको पुनर्निर्माणपछि जापान सरकारले बुधबार एक समारोहबिच नेपाल सरकारलाई हस्तान्तरण गरेको छ। सप्तरीको सप्तकोशी नगरपालिका–१० स्थित आयोजित हस्तान्तरण समारोहमा जापानका राजदूत सिन्तो एसबारुले नेपाल सरकारका ऊर्जा, जलस्रोत एवं सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीलाई निर्माण सम्पन्नको कागजात हस्तान्तरण गर्नुभएको हो। पूर्व तराई क्षेत्रका १० हजार पाँच सय हेक्टर कृषियोग्य भूमिमा सहज सिँचाइ सेवा पुऱ्याउने उद्देश्यले १९२७ सालमा निर्माण गरिएको चन्द्र नहर सिँचाइ प्रणालीको जापान सरकारको सहयोगमा मर्मतसम्भार तथा सिँचाइ सुविधाको पुनर्स्थापना गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको हो।

पूर्वी तराई क्षेत्रको सिँचाइ प्रणाली पुनर्स्थापना आयोजना हस्तान्तरण समारोहमा जापानका राजदूत सिन्तो एसबारुले नेपालको विकासमा जापान सरकारले आउने दिनमा पनि सहयोग जारी राख्ने प्रतिबद्धता जनाउनुभयो। जापानी सहयोग संस्था नियोग (जेआइसिए) को दुई अर्ब पाँच करोड १० लाख रुपियाँको अनुदान सहयोगमा चन्द्र नहर प्रणालीको मूल नहरमा भत्केका ३२ स्थानमा सिँचाइ संरचनाको पुनर्निर्माण सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको राजदूत एसबारुले बताउनुभयो। उक्त सिँचाइ संरचना पुनर्निर्माणका लागि नेपाल र जापान सरकारबिच सन् २०२२ सेप्टेम्बर ११ मा अनुदान सहयोग सम्झौता भएको थियो। सम्झौता समयभन्दा तीन दिन अगावै निर्माण कम्पनी हाजामा आन्दो कर्पोरेसनको सक्रियतामा निर्माण सम्पन्न गरी हस्तान्तरण गर्न सफल भएको परामर्शदाता एनटिसी इन्टरनेसनल कम्पनी लिमिटेडका प्रतिनिधि याकुरा मोसुले बताउनुभयो।

विगत लामो समयदेखि चन्द्र नहर सिँचाइ प्रणालीको मूल नहर विभिन्न छ ठाउँमा गरी २८ किलोमिटर जीर्ण हुँदा किसानलाई सिँचाइमा समस्या हुँदै आएको थियो। कार्यक्रमका प्रमुख अतिथि ऊर्जा, जलस्रोत एवं सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले पूर्वी तराई क्षेत्रको सिँचाइ प्रणाली पुनर्स्थापना आयोजना परियोजना अन्तर्गत जापान सरकारले गरेको सहयोग महत्त्वपूर्ण रहेको बताउनुभयो।


नेपाल सरकार
भूमि व्यवस्था, सरकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय, लहान (सिरहा)**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उपरोक्त सम्बन्धमा जिल्ला सिरहा साविक मौवाही गा.वि.स. वडा नं. १ हाल सखुवानन्कारकट्टी गा.पा.वडा नं. १ बस्ने बुधन चुन यादवको नाती धनीराम यादवको छोरा लक्ष्मी यादवको नाममा तपसिलको जग्गाको सर्वे नाप नक्सा भई फिल्डबुक तयार भएको र जग्गा दर्ता गर्न सम्म छुट भएकोले निज लक्ष्मी यादवको २०४६।०४।२१ गते का दिन मृत्यु भई सकेको र निजको पत्नी गुजरी यादवनीको पनि २०५८।०३।०४ गते मा स्वर्गवास भई सकेको हुँदा निजहरुको शेषपछिको हक अंश खाने मृतकको चार छोराको जेठा छोरा राम अशिस यादव ...१ महिला छोरा, राम किसुन यादव ... १ सहिला छोरा सुरजा यादव .... १ कान्छा छोरा उचित लाल यादव ...१ मध्ये कान्छा छोरा उचित लाल यादवको मिति २०७८।०१।२९ गतेको दिन मृत्यु भई सकेको र निजको एक मात्र हक अंस खाने पत्नी सावित्री देवी यादव समेत ४ जाले मेरो नाममा छुट जग्ग दर्ता नामसारी गरी दिने भनी सखुवानन्कारकट्टी गा.पा. वडा नं. १ कार्यालयको च.नं. ६५२ मिति २०८२।०९।३० गतेको सिफारिश समेत मिसिलमा संलग्न गरी राम अशिस यादव समेत ४ जनाले यस कार्यालयमा छुट मि.नं. २४ दर्ता मिति २०८२।०९।३० मा निवेदन दर्ता गराएको हुँदा उक्त जग्गा सम्बन्धमा यी निवेदन बाहेक अरु कोही हकदार, हक भोग, कुनै व्यक्ति विशेषलाई फरक भए वा यी निवेदकको माग बमोजिम उक्त छुट जग्गा दर्ता गरी निवेदकको नाममा ज.ध.दर्ता दिँदा कोही कसैको हक मेटिने भए वा कोही कसेको जोत भोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी सार्वजनिक ऐलानी पर्ती वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र स–प्रमाण यस कार्यालयमा हक दावी वा उजुर वाजुर गर्नु आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हक दावी नगरेमा निवेदकको माग बमोजिम जग्गा दर्ता भई जानेछ। पछि कसैको उजुर बाजुर लाग्ने छैन।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गावालाको महल |
|---|---|---|---|---|---|
| सिरहा | मौवाही | १क | २८१ | ०–१–१५ | यो जग्गा मौवाही वडा नं. १ बस्ने लक्ष्मी यादवको नम्बरी हो। |



नेपाल सरकार
भूमि व्यवस्था, सरकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय, लहान (सिरहा)**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उपरोक्त सम्बन्धमा जि.सिरहा साविक गा.वि.स मौवाही वडा नं. १ हाल सखुवानन्कारकट्टी वडा नं. १ बस्ने मुशरु यादवको नाती जोखन यादवको छोरा निरस यादवको नाममा तपसिलको जग्गाको सर्वे नाप नक्सा भई फल्ड बुक तयार भएको र हाल उतजग्गा दर्ता गर्न सम्म छुट भएकोले सो छुट जग्गा जि.सिरहा मौवाही वडा नं. १ हाल सखुवानन्कारकट्टी वडा नं. १ बस्ने मुशरु यादवको नाती जोखन यादवको निरस यादवको पत्नी सागर वती यादवनीले मेरो नाममा छुट जग्गा दर्ता नामसारी गरी दिने भनि सखुवानन्कारकट्टी गा.पा. वडा नं. १ कार्यालय च.नं ६४६ मिति २०८२।०९।२९ गतेको सिफारिस समेत मिसिलमा संलग्न गरी सागर वती यादवनीले छुट जग्गा दर्ता गरी नामसारी गरी पाउँ भनी निवेदन माग भएको यस कार्यालयको द.नं. ६७५५, मि.नं. २३ मिति २०८२।०९।२९ माग निवेदन बमोजिम कोही कसैको हक मेटिने भए वा कोही कसैको जोतभोग, हकभोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी, ऐलानी, पर्ति, वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५(पैतिस) दिनभित्र स–प्रमाण सहित यस कार्यालयमा हकदावी वा उजुर वाजुर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी उजुरी नपरेमा कानुन बमोजिम भई जाने व्यहोरा अनुरोध छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गावालाको महल |
|---|---|---|---|---|---|
| सिरहा | मौवाही | १क | ८७ | ०–१–१५ | यो जग्गा मौवाही वडा नं. १ बस्ने नीरस यादवको जीरायत हो। झगडा नीएको। |
| सिरहा | मौवाही | १ख | १ | ०–३–१० | यो जग्गा मौवाही वडा नं. १ बस्ने नीरस यादवको जीरायत हो। झगडा नीएको। |
| सिरहा | मौवाही | २क | १४२ | ०–७–१० | यो जग्गा मौवाही वडा नं. १ बस्ने नीरस यादवको जीरायत हो। झगडा नीएको। |
| सिरहा | मौवाही | २क | २०२ | ०–०–१० | यो जग्गा मौवाही वडा नं. १ बस्ने नीरस यादवको जीरायत हो। झगडा नीएको। |
| सिरहा | मौवाही | २क | २६० | ०–०–१५ | यो जग्गा मौवाही वडा नं. १ बस्ने नीरस यादवको जीरायत हो। झगडा नीएको। |


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)